# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ
## २१ औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु

(क) **पृष्ठभूमिः**

यस बुटवल पावर कम्पनी लिमिटेडको २१ औं वार्षिक साधारण सभा मिति २०७०।११।११ (तद्नुसार फेब्रुअरी २३, २०१४) आईतवारका दिनको ११:३० बजे कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, वानेश्वर,काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले २१ औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन :**

२१ औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरु शेयरधनीहरुलाई कम्पनीमा उपलब्ध उहाँहरुको ठेगानामा पठाइएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरु तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ पेज www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो ।

मिति २०७०।१०।१५ र २०७०।१०।१६ मा क्रमशःनागरिक राष्ट्रिय दैनिक र अभियान दैनिकमा २१ औं वार्षिक साधारण सभाको सूचना प्रकाशित गरी सवै शेयरधनीलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो । सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थिति :**

अ) **संचालक समितिः**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ* | संचालक |
| ३. श्री विजय बहादुर श्रेष्ठ | संचालक |
| ४. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ५. श्री रत्न संसार श्रेष्ठ | संचालक |
| ६. श्री नविन राज सिंह | संचालक |

७. श्री चण्डी प्रसाद श्रेष्ठ — संचालक
८. श्री संजिव राज भण्डारी — वैकल्पिक संचालक
९. श्री हरि ब. बुढाथोकी — कम्पनी सचिव

- संचालक श्री प्रदीप कुमार श्रेष्ठ कार्य व्यस्तताका कारण साधारण सभामा उपस्थित हुन नसक्नु भएको हुँदा उहाँको स्थानमा वैकल्पिक संचालक श्री संजिव राजभण्डारीले साधारण सभामा उपस्थित हुनु भएको थियो ।

आ) **व्यवस्थापन:**

१. श्री प्रतिक मान सिंह प्रधान — निमित्त प्रमुख कार्यकारी अधिकृत
२. श्री राधेश्याम श्रेष्ठ — भाईस प्रेसिडेण्ट, वित्त
३. श्री रत्न शंभब शाक्य — प्रमुख, कार्पोरेट
४. श्री प्रकाश कुमार श्रेष्ठ — प्रमुख, संचालन

इ) **शेयरधनीहरु:**

साधारण सभामा कुल शेयरधनीहरु मध्ये १३१ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | % उपस्थिति |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | १,०१,५२,६९४ कित्ता | ८९,८४६०५ कित्ता | ८८.४९ |
| कम्पनीको शेयरधनी | १२६७ जना | १३१ जना | १०.३३ |

## (ग) सभाको वैधानिकता:

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुको सभाले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गर्‍यो ।

अध्यक्षको अनुमित लिई कम्पनी सचिवले सभामा छलफल हुने प्रस्तावहरुको सूची शेयरधनीहरु समक्ष प्रस्तुत गर्नु भयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत हुने सो सूचीलाई साधारण सभाले सर्वसम्मतिवाट स्वीकृत गर्‍यो र सोही अनुसार प्रस्तावहरु प्रस्तुत एवं निर्णय भए ।

## (घ) प्रस्तावहरु:

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्तावहरु प्रस्तुत गरिएका थिए ।

(१) संचालक समितिको प्रतिवेदन प्रस्तुती र त्यस उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०६९।०७० को वित्तिय विवरणहरु (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरु सहित संलग्न अनुसूची) उपर छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७०।७१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिस गरे वमोजिमको आ.व. २०६९।०७० को मुनाफावाट चुक्ता पूंजीको १८% (अठार प्रतिशत) नगद लाभांश स्विकृत गर्ने ।

(५) संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु पुनरावलोकन गर्ने ।

(६) स्वतन्त्र संचालकको नियुक्त गर्ने ।

(७) सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने ।

(८) विविध ।

**(ङ) <u>सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः</u>**

अध्यक्ष श्री पद्म ज्योतिले संचालक समितिको वार्षिक प्रतिवेदन (आ.व. २०६९।०७० को) साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

अध्यक्षज्यूवाट अनुमति लिएर नौ जना शेयरधनीहरुले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०६९।७० को लेखापरीक्षण भएको आर्थिक विवरणहरु उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्नु भएको थियो । उहाँहरुको राय, सुझाव र प्रतिकृयाहरु निम्न वमोजिम रहेको थियो ।

(१) **<u>मेजर श्री कुवेर श्रेष्ठः</u>** कम्पनीले ३:२ को अनुपातमा हकप्रद शेयर तथा १८ प्रतिशत नगद लाभांश दिन लागकोमा धन्यवाद दिंदै नगद लाभांश दिंदा वोनस शेयर दिने तर्फपनि सोच्नको लागि अनुरोध भयो । अघिल्लो वर्षको भन्दा नाफा उल्लेख्यरुपमा घटेको देखिएको र कम्पनीले संचालन गर्दै गरेका आयोजनाहरुको अद्यावधिक जानकारी प्राप्त हुन नसकेको हुँदा आगामी दिनमा सो तर्फ ध्यान दिनको लागि समेत सुझाव दिनु भयो ।

(२) **<u>श्री अमृत नाथ रेग्मीः</u>** साधारण सभा समयमै गर्नु पर्ने तर्फ औंल्याउँदै कम्पनीको नयाँ भवनको नामाकरण बिपिसी टावर राख्नको लागि सुझाव दिनु भयो । कम्पनीले प्रशारण तथा वितरण नोक्सानीलाई कम गर्ने तथा आगामी वर्षहरुमा लाभांश वितरण गर्ने योजना के रहेको छ भनी जिज्ञासा राख्नु भयो ।

(३) **<u>श्री व्यास कुमार शर्माः</u>** यसै वर्ष हकप्रद शेयर जारी गरिएको र आफ्नै कार्यालयको भवनमा साधारण सभा गरेकोमा धन्यवाद दिनु भयो । कम्पनीको व्यवस्थापन तथा प्राविधिक सेवा वापत आम्दानी शुन्य देखिएको तर्फ स्पष्ट पार्न अनुरोध गर्दै आगामी वर्षमा साधारण सभा यथा समयमै गर्न, पत्रपत्रिकामा प्रकाशित हुने समाचारलाई ध्यान

दिन तथा सहायक कम्पनीहरुको विश्लेषण गर्न तर्फ विशेष ध्यान दिनको लागि सुझाव दिनु भयो ।

(४) **श्री उद्धव प्रसाद घिमिरे:** कम्पनीले १८ प्रतिशत नगद लाभांश वितरण गर्न लागेकोमा खुसी व्यक्त गर्दै आगामी वर्षहरुमा अझ बढी लाभांश दिन कम्पनी सफलहोस् भनी सुभेच्छा व्यक्त गर्नु भयो । कम्पनीको संचालन आम्दानी घटेको र खर्च बढेको तर्फ इङ्गित गर्दै प्रशासनिका खर्चमा मितव्ययिता अपनाउनको लागि सुझाव दिनु भयो ।

(५) **श्री रोज कुमार श्रेष्ठ:** यस वर्षको लाभांश हाल सम्मकै न्यून रहेको उल्लेख गर्दै अन्य बैकल्पिक उर्जामा समेत आफ्नो व्यवसाय विस्तार गर्न तर्फ लाग्ने हो कि भन्ने सुझाव दिनु भयो । साथै, आँधिखोला क्षमता बृद्धि आयोजना तोकिएको मितिमा सम्पन्न हुने नहुने के हो स्पष्ट पार्न अनुरोध गर्नु भयो ।

(६) **श्री रत्न संसार श्रेष्ठ:** आई.के.एन. नेपाल ए.एस.को तर्फवाट सो कम्पनीको प्रतिनिधिकोरुपमा साधारण सभाको सफलताको शुभकामाना दिनु भयो र कम्पनीले आफ्ना सहायक कम्पनीहरुको हितलाई ध्यानमा राख्दै अघि बढ्नको लागि सुझाव दिनु भयो ।

(७) **श्री नरेन्द्र श्रेष्ठ:** कावेली ए तथा न्यादी जलबिद्युत आयोजनाको प्रति मेगावाट लागत बढी भएको भनी समाचारहरु संप्रेषण भएको तर्फ इङ्गित गर्दै कम्पनीको यस वर्षको अर्धवार्षिक प्रगति विवरणहरुको वारेमा जानकारी गराउनको लागि अुनरोध गर्नु भयो ।

(८) **श्री लक्ष्मण प्रसाद भट्टराई:** आफु कम्पनीको शयेरधनीको अतिरिक्त आँधिखोला जलबिद्युत अयोजना क्षेत्रको स्थानीय बिद्युत उपभोक्ता भएको हुँदा कम्पनीको हालको व्यवस्था अनुसार बढी बिद्युत खपत गर्ने उपभोक्ताले कम महशुल र कम बिद्युत खपत गर्ने कट आउट प्रणाली अर्न्तगतका उपभोक्ताले बढी महशुल तिर्न पर्ने अवस्था रहेको हुँदा सो तर्फ विचार गर्न अनुरोध गर्नु भयो । त्यसै गरी कम्पनीमा कार्यरत कर्मचारीहरुको कार्यसंपादन तर्फ ध्यान दिई उनिहरुलाई मन, वचन तथा कर्मले कम्पनीको समुन्नतिमा दत्तचित्त रहने वातावरण श्रृजना गर्नको लागि सुझाव दिनु भयो ।

(९) **श्री नारायण सुन्दर श्रेष्ठ:** कम्पनीको आम्दानी कम भएको, लगानीको तुलनामा प्रतिफल कम देखिएको तथा संचालन आम्दानी भन्दा खर्च बढी देखिन गएको तर्फ विशेष ध्यान दिन अनुरोध गर्दै कम्पनीलाई प्रत्येक वर्ष तीस प्रतिशतको दरले लाभांश वितरण गर्न सक्ने अवस्थामा पुऱ्याउने गरी कम्पनी अगाडि बढोस् भनी शुभेच्छा व्यक्त गर्नु भयो ।

शेयरधनीहरुले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०६९।०७० को आर्थिक विवरण उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका

जिज्ञासाहरु उपर संचालक समितिको तर्फवाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुले साधारण सभामा उपस्थित भई संचालक समितिको प्रतिवेदन तथा आर्थिक विवरणहरु उपरको छलफलमा सक्रियरुपमा भाग लिएकोमा धेरै खुसी लागेको भन्दै शेयरधनीहरुवाट प्रस्तुत हुन आएका सुझावहरुको लागि उहाँहरुलाई धन्यवाद दिनुभयो । शेयरधनीहरुका सुझाव तथा जिज्ञासहरुका सम्वन्धमा संचालक समितिको तर्फवाट निम्न अनुसार स्पष्ट पार्नु भएको थियो:

१. कम्पनीको साधारण सभा हकप्रद शेयर जारी गर्ने स्वीकृतिको क्रममा संचालक समितिमा हुन गएको परिवर्तनका कारण ढिला हुन गएको हुँदा यसलाई अपवादकोरुपमा लिएर आगामी वर्षहरुमा समयमै साधारण सभा गरिने विश्वास व्यक्त गर्नु भयो ।

२. शेयरधनीहरुले कम्पनीले समय समय दिएको सूचना, वास्तविक तथ्य तथा जानकारीहरुमा आधारित भई आफ्नो धारणा बनाउन अनुरोध गर्नु भयो ।

३. आँधिखोलाको क्षमता वृद्धि कार्य तोकिएको समयमै सम्पन्न हुने अपेक्षा रहेको र कावु वाहिरको परिस्थिती उत्पन्न नभएमा तोकिएको समय देखी क्षमता वृद्धि भएको बिद्युत गृहवाट बिद्युत उत्पादन कार्य शुरु हुने छ भन्नु भयो ।

४. कर्मचारीहरुसंगको सम्बन्धलाई अझ स्थायित्व दिनको लागि पाँच वर्षको लागि सामुहिक सौदावाजीको सम्झौता गरिएको जानकारी गराउनु भयो ।

५. कम्पनीको नाफा कम हुनुको पछाडिका कारणहरुको सम्बन्धमा संचालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ । जहाँ सम्म खर्च बढेको कुराका सम्बन्धमा यस पटक आँधिखोला बिद्युत गृह क्षमता बृद्धि कार्यको क्रममा बन्द भएको हुँदा महङ्गो दरमा नेपाल बिद्युत प्राधिकरणवाट बिद्युत खरिद गरी सस्तो दरमा उपभोक्तालाई बिद्युत वितरण गर्न परेको कारणवाट समेत खर्च बढ्न गएको हो स्पष्ट पार्दै खर्चलाई खर्चकोरुपमा मात्र नहेरी लगानीको रुपमा समेत बुझ्नु अनुरोध गर्नु भयो ।

६. बिद्युतका उपभोक्ताहरुले कम उपभोग गरेर बढी महशुल तिर्न नपरोस भन्नका लागि उपभोक्ताहरुलाई कट आउट प्रणालीवाट मिटर जडान गर्ने तर्फ विगतका वर्षहरु देखी प्रयास गरिदै आएको र सो कार्यले आगामी वर्षमा समेत निरन्तरता दिइने र उपभोक्ताले सोवाट फाइदा लिन सक्ने स्पष्ट पार्नु भयो ।

७. कम्पनीले आफ्ना सहायक कम्पनीहरुलाई व्यवस्थापन तथा प्राविधिक सेवा उपलब्ध गराउँदै आएकोमा ति कम्पनीहरु आफैं संचालित हुन सक्षम भएको हुँदा व्यवस्थापन तथा प्राविधिक सेवा वापतको आम्दानी यस वर्ष नभएको हो भनी स्पष्ट पार्नु भयो ।

८. कम्पनीले सबै सहायक कम्पनी तथा आयोजनाहरुवाट समष्टिगतरुपमा बढी लाभ र बृहत्तर हित हुने गरी काम गर्दैजाने जानकारी गराउनु भयो ।

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा अध्यक्षज्यूवाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमश: प्रस्ताव राख्नु भयो ।

## (च) प्रस्ताव तथा निर्णयहरु:

(१) साधारण सभा समक्ष प्रस्तुत आ.व. २०६९।०७० को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभावाट उक्त प्रतिवेदन सर्व सम्मतिवाट पारित गर्ने निर्णय भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०६९।०७० को वित्तिय विवरणहरु (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरु सहित संलग्न अनुसूची) स्विकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभावाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरु पारित गर्ने निर्णय भयो ।

(३) लेखापरीक्षण समितिका अध्यक्ष श्री रत्न संसार श्रेष्ठले एस.आर. पाण्डे एण्ड कम्पनीको कार्यसंपादन राम्रो भएको हुँदा निजलाई दोश्रो पटकको लागि आ.व. २०७०।०७१ को हिसाव किताव लेखापरीक्षण गर्न सेवा शूल्क रु २४२,००० (दुई लाख बयालीस हजार रुपैयाँ) मुल्य अभिवृद्घि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च वाहेक (Excluding of VAT, out-station allowance and travel expenses) दिने गरी कम्पनीको लेखापरीक्षक नियूक्तिको लागि लेखापरीक्षण समितिले साधारण सभा समक्ष सिफारिस गर्ने निर्णय गरेको जानकारी गराउँदै सिफारिस वमोजिम लेखापरीक्षक नियुक्तिको लागि प्रस्ताव गर्नु भयो । सभावाट प्रस्ताव गरे बमोजिमनै एस.आर.कम्पनी पाण्डे एण्ड कम्पनीलाई रु २४२,००० (दुई लाख वयालीस हजार रुपैयाँ) मुल्य अभिवृद्घि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च वाहेक (Excluding of VAT, out-station allowance and travel expenses) लेखापरीक्षण शुल्क दिने गरी आ.व. २०७०।०७१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

(४) आ.व. २०६९।०७० को आर्थिक विवरणमा व्यवस्था गरिए बमोजिम चुक्ता पूँजीको अठार प्रतिशत नगद लाभांश वितरण गर्न संचालक समितिवाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार लाभांश वितरण गर्न प्रस्ताव गरिएकोमा प्रस्ताव वमोजिम २१ औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई चुक्ता पूंजीको अठार प्रतिशत नगद लाभांश कानून वमोजिम कर कट्टी गरी वितरण गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

(५) संचालकहरुले बैठक भत्ता तथा अन्य सुविधाहरु पुनरावलोकन नभएको सात वर्ष भन्दा बढी समय भैसकेको र त्यसलाई समय सापेक्षरुपमा पुनरावलोकन गर्न आवश्यक भएको हुँदासंचालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु निम्न वमोजिम हुनगरी

पुनरावलोकन गर्न सभा समक्ष प्रस्ताव गरिएकोमा प्रस्ताव वमोजिमनै पुनरावलोकन गरी सोही वमोजिम संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु निर्धारण गर्ने सर्वसम्मतिले निर्णय भयो ।

| विवरण | भत्ता/सुविधा |
|---|---|
| संचालक समिति तथा सो अर्न्तगतका समितिको बैठकमा भाग लिएवापत बैठक भत्ता | प्रति बैठक रु. ५,००० (पाँच हजार) |
| संचार तथा टेलिफोन भत्ता | प्रति महिना रु. १,००० (एक हजार) |
| यातायात भत्ता | प्रतिमहिना रु. ६,००० (छ हजार) अध्यक्षको लागि रु. ४,५०० (चार हजार पाँच सय) संचालकहरुको लागि । |
| कम्पनीको व्यवसाय सम्बन्धी कुनै खास कार्य गर्नको लागि संचालक समितिले तोके वमोजिम संलग्न भएवापतको अन्य पारिश्रमिक सुविधा । | संचालक समितिले कामको प्रकृति तथा अवधीका आधारमा निर्धारण गरे वमोजिम । |

(६) कम्पनी रिक्त स्वतन्त्र संचालकको पदमा कम्पनी ऐन तथा कम्पनीको नियमावली वमोजिम संचालक समितिले स्वतन्त्र संचालक छनौट समिति गठन गरी सो समितिले स्वतन्त्रत संचालकको पदमा नियुक्त हुन योग्य तीन जना व्यक्तिहरु श्री दिवाकर बैद्य, श्री विनायक प्रसाद भद्रा र श्री तिर्थमान शाक्यको नाम छनौट गरी संचालक समितिमा पेश गरेको र संचालक समितिले सोही व्यक्तिहरु मध्येवाट उल्लेख भए अनुसार प्राथमिकताको आधारमा नियुक्त गर्नको लागि सभा समक्ष पेश गर्ने निर्णय गरेको हुँदा संचालक समितिको सिफारिस वमोजिम श्री दिवाकर बैद्यलाई चार वर्षको कार्यकालको लागि स्वतन्त्र संचालकमा नियुक्त गर्नको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा साभावाट सर्वसम्मतिले श्री दिवाकर बैद्यलाई कम्पनीको स्वतन्त्र संचालकको पदमा नियुक्त गर्ने निर्णय भयो ।

(७) सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम र त्यसको परिणामका सम्बन्धमा सभालाई जानकारी गराइदिनको लागि कम्पनी सचिवले निर्वाचन अधिकृत अधिवक्ता श्री प्रमोद कुमार आचार्यलाई अनुरोध गर्नु भयो । निर्वाचान अधिकृतले सर्वसाधारण शेयरधनीहरु (समूह ग) को तर्फवाट प्रतिनिधित्व गर्ने संचालक पद एकको निर्वाचनको कार्यक्रम मिति २०७०।१०।४ मा प्रकाशित गरी निर्वाचनको प्रक्रिया शुरु गरिएकोमा उमेद्वारी दर्ताको लागि तोकिएको मिति २०७०।१०।८ मा शेयरधनी श्री चण्डी प्रसाद श्रेष्ठको एकमात्र उमेद्वारी परेको र सो उमेद्वारी उपर कसैको पनी दावी विरोध नपरेको व्यहोरा सभालाई जानकारी गराउँदै शेयरधनी श्री चण्डी प्रसाद श्रेष्ठ सर्वसाधारण शेयरधनीहरु (समूह ग) को तर्फवाट प्रतिनिधित्व गर्ने

संचालक पद एकको निर्वाचनमा चार वर्षको कार्यकालको लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो र निर्वाचित उमेद्वारलाई उहाँको कार्यकालको सफलताको शुभकामना दिनु भयो ।

कम्पनी सचिवले नव नियुक्त/निर्वाचित संचालकहरुलाई वधाई तथा स्वागतको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । अध्यक्षज्यूले नव नियुक्त/निर्वाचित संचालकहरुलाई नियुक्त/निर्वाचित हुनु भएकोमा हार्दिक बधाई दिदैं उहाँहरुलाई संचालक समितिको सदस्यकोरुपमा स्वागत गर्नु भयो ।

(८) विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्तव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

**(छ) सभा विसर्जन:**

कम्पनी सचिवले साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा अध्यक्षज्यूलाई २१ औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जन गर्नको लागि अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको २१ औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै २१ औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा अपरान्ह ३.१५ वजे विसर्जन भएको थियो ।

(हरि ब. बुढाथोकी)
कम्पनी सचिव

(पद्म ज्योति)
अध्यक्ष